नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या:
चलानी नं.:

मिति: .................................

# रातो मच्छिन्द्रनाथको रथजात्रा सम्बन्धी सूचना !

२०७८ सालको श्री रातो मच्छिन्द्रनाथ र श्री मीननाथको रथजात्रा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा मिति २०७७ साल चैत्र २५ गते जिल्ला प्रशासन कार्यालय ललितपुरमा ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जन, ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ढुण्डी प्रसाद निरौला, गुठी संस्थान शाखा कार्यालय ललितपुरका कार्यालय प्रमुख श्री खिमा वली लगायत सरोकार वालाहरुको उपस्थितिमा वसेको बैठकले स्थानीय धर्म संस्कृतिको मुख्य पर्वको रुपमा रहेको रथजात्रालाई कोभिड-१९ को बढ्दो जोखिमलाई मध्यनजर राखी संक्रमण फैलन नदिनको लागि सामाजिक दूरी कायम गर्ने, मास्क, सेनिटाईजर प्रयोग गर्ने लगायतका स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना हुने र बढी भिडभाड नहुने व्यवस्था गरी सम्पन्न गर्ने र यसको लागि सबैले आ-आफ्नो तर्फबाट गर्नुपर्ने सबै कार्यहरु प्राथमिकताको साथ समयमै गर्ने, गराउने व्यवस्था मिलाउने निर्णय गरिएकोले सोहि अनुसार गर्नु गराउनु हुन सम्बध्द सबैमा हार्दिक अनुरोध छ ।

०७७/१२/२५

ललितकुमार बस्नेत
सहायक प्रमुख जिल्ला अधिकारी